# भिमरुक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## भ्यागुते, प्यूठान
### लुम्बिनी प्रदेश, नेपाल

सूचना प्रकाशित मिति २०७८/१/१६

**भैसीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम संचालन गर्ने सम्वन्धी सूचना**

चालु आ.व. २०७७/०७८ मा यस भिमरुक गाउँपालिकामा कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको संघीय सर्शत स्वीकृत कार्यकम अनुसार ५० प्रतिशत अनुदान लागत साझेदारीमा भैसीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम संचालन गर्नुपर्ने भएकाले कृषि फर्म ,कृषि सहकारी, कृषक तथा पशुपंछी समूहका सदस्यहरुले प्रकाशित सूचनाको मितिले १५ दिनभित्र आवश्यक कागजातहरु सहित निवेदन पशु एकाइमा पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

कमल प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत
२०७८/१/१६

## अनुदान रकम उपलब्ध गराउने क्रियाकलापहरु र सीमा

१.भिमरुक गाँउपालिकामा बढीमा ५ वटा पकेट क्षेत्र निर्माण गरी कार्यकम संचालन गरिने छ ।

२.प्रति पकेट क्षेत्रमा प्रति समूह कृषक १० जनाका दरले हुनु पर्ने छ ।

३.प्रति परिवार न्यूनतम २ वटा मुर्रा वा मुर्रा कस भैसी पालन गर्नु पर्ने छ ।

## आवश्यक कागजातहरु

१.कृषि तथा पशुपन्छी फर्म वा समूह,कृषि सहकारीको पदाधिकारीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

३.तोकिएको ढाँचामा तयार पारिएको पूर्णरुपमा भरिएको प्रस्ताव फाराम ।

४.सम्बन्धित वडा कार्यलयको सिफारिस पत्र ।

५.भिमरुक गाउँपालिकामा दर्ता भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

६. कृषि,पशुपन्छी समूह,कषि सहकारीको कार्यकम माग सम्वन्धी निर्णयको प्रतिलिपि ।

कमल प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत